बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, मधेश प्रदेश

स्थापित २०७३

प.स.:-२०८२/८३

च.न.:- २४८

मितिः-२०८२/०४/२६

श्री संस्थागत विधालय सबै,
श्री निजी अस्पताल तथा स्वास्थ्य संस्था सबै,
श्री नर्सिंग होम सबै,
श्री सहकारी संस्था सबै,
श्री व्यावसायिक तथा व्यापारिक प्रतिष्ठान सबै,
श्री अन्य संस्था तथा कार्यालय सबै,
बर्दिबास नगरपालिका, महोत्तरी, नेपाल ।

**विषयः न्यूनतम पारिश्रमिक कार्यान्वयन तथा सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्रम तथा रोजगार कार्यालय, जनकपुरधामको प.स.:-२०८२/८३, च.न.:-३८, मितिः-२०८२/०४/१९ गतेको पत्रानुसार तथा श्री जिल्ला प्रशासन कार्यलय, महोत्तरीको प.स.:-२०८२/८३, च.न.:-३५०, मितिः-२०८२/०४/२१ को पत्रानुसार नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट श्रम ऐन, २०७४ को दफा (१०६) बमोजिम मिति २०८२/०४/०१ गते देखि लागु हुने गरि निर्धारण गरिएको श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धि मितिः-२०८२/०४/०५ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम तहा संस्था/कार्यलयमा कार्यरत सबै श्रमिकहरुको न्यूनतम पारिश्रमिक सोहि बमोजिम कार्यान्वयन गराउनुको साथै श्रमिकहरु लाई सामाजिक सुरक्षा कोषमा आवद्ध/सुचिकृत अनिवार्य गर्न/गराउनु हुन अनुरोध छ ।

**नोटः- न्यूनतम पारिश्रमिक सम्बन्धि प्रकाशित सूचना पाना-२ यसै पत्र साथ संलग्न गरिएको छ ।**

**बोधार्थः**

१. श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
२. श्री सामाजिक सुरक्षा कोष, थापाथली, काठमाण्डौ ।
३. श्री श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषा ।
४. श्री जिल्ला प्रशासन कार्यलय, महोत्तरी, जलेश्वर ।
५. श्री उधोग वाणिज्य संघ, बर्दिबास नगरपालिका, महोत्तरी ।

रामर्माण अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

रामर्माण अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम संवत् २०८२ साल साउन १ गते देखि लागू हुने गरी चिया बगान बाहेकका श्रमिकका लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क्र. सं. | न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रू.) | महङ्गी भत्ता (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| १. | मासिक | १२,१७०।- | ७,३८०।- | १९,५५०।- |
| २. | दैनिक | ४७०।- | २८४।- | ७५४।- |
| ३. | प्रति घण्टा | ६३।- | ३८।- | १०१।- |
| ४. | आंशिक समय कार्य गर्ने कामदारको प्रति घण्टा न्यूनतम पारिश्रमिक | - | - | १०७।- |

**द्रष्टव्यः**

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम श्रम सम्झौता/नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधाहरू अनिवार्य रूपमा हुनुपर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिए भन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ ।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न पाइने छैन।

४. माथिको न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाई समेत आधार बनाई लागू गरिएको छ । न्यूनतम पारिश्रमिक दिने सन्दर्भमा केही प्रावधानहरू फरक भएको अवस्थामा समेत यही न्यूनतम पारिश्रमिकलाई आधार बनाई समायोजन गर्न सकिनेछ ।

५. खण्ड ७३, सङ्ख्या २४, मिति २०८०।०४।३२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगान बाहेकको न्यूनतम पारिश्रमिक सम्बन्धी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
डा.कृष्णहरि पुष्कर
नेपाल सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।